# शारदा नगरपालिका

# अनुदान शिक्षक तथा कर्मचारी व्यवस्थापन, परिचालन तथा कार्यविधि–२०८०

## प्रस्तावना

नेपालको संविधान २०७२ को अनुसूची ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची एवम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा भएको व्यवस्था बमोजिम आधारभूत तथा माध्यामिक शिक्षा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले तथा शारदा नगरपालिका भित्र रहेका शैक्षिक वेरोजगार जनशक्ति व्यवस्थापन, विद्यमान शिक्षक अभाव परिपूर्ति गर्न तथा पठनपाठनमा अत्यन्तै पछाडी परेका बालबालिकाहरुलाई उपचारात्मक शिक्षण गरी पठनपाठनमा सहजता प्रदान गर्न एवम दक्ष, सीपयुक्त र योग्य जनशक्ति परिचानल गरी शैक्षिक गुणस्तरमा सुधार पुऱ्याउने उद्देश्यले शारदा नगरपालिकाले " अनुदान शिक्षक तथा कर्मचारी परिचालन तथा व्यवस्थापन कार्यविधि– २०८०" जारी गरेको छ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "अनुदान शिक्षक तथा कर्मचारी परिचालन, व्यवस्थापन तथा कार्यविधि–२०८०" रहेको छ।

ख) यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क) " अनुदान शिक्षक तथा कर्मचारी" भन्नाले यसै कार्यविधि बमोजिम नियुक्त अनुदान शिक्षक तथा कर्मचारी सम्झनुपर्छ।

ख) "नगरपालिका" भन्नाले शारदा नगरपालिका, सल्यान सम्झनुपर्छ।

ग) नगरसभा" भन्नाले शारदा नगरपालिकाको नगरसभा सम्झनुपर्छ।

घ) "कार्यपालिका" भन्नाले शारदा नगरकार्यपालिका सम्झनुपर्छ।

ङ) "नगर प्रमुख " भन्नाले शारदा नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ।

च) "समिति" भन्नाले अनुदान शिक्षक तथा कर्मचारी छनौटका लागि गठित छनौट समिति सम्झनुपर्छ।

छ) "परीक्षा" भन्नाले अनुदान शिक्षक तथा कर्मचारी छनौटका लागि सञ्चालन गरिने लिखित, मौखिक तथा प्रयोगात्मक तथा कुनै एक वा दुई वा तीनवटै परीक्षा सम्झनुपर्छ।

ज) विषय विज्ञ भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ बाट तोकिएको विषय विज्ञहरुलाई सम्झनुपर्दछ।

ज) "विद्यालय" भन्नाले शारदा नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनुपर्छ।

झ) "शिक्षा शाखा" भन्नाले शारदा नगरपालिकाको शिक्षा शाखा सम्झनुपर्छ ।

ञ) " अनुदान शिक्षक तथा कर्मचारी" भन्नाले अनुदान शिक्षक तथा कर्मचारीलाई सम्झनुपर्छ, सो परिभाषाले खेल,नृत्य तथा योगा शिक्षक समेतलाई जनाउँदछ।

ठ) "उपचारात्मक शिक्षण सिकाइ" भन्नाले सिकाईमा पछाडी परेका वा तोकिएको सिकाइ सक्षमता प्राप्त गर्न नसकेका विद्यार्थीलाई विद्यालय समय भन्दा बाहेकको समयमा गरिने शिक्षण सिकाइलाई सम्झनुपर्छ।

## परिच्छेद–२

## ३. कोटा सिर्जना, योग्यता र छनौट तथा नियुक्ति प्रक्रिया

**३.१. कोटा सिर्जना**ः- नगरपालिकाले विनियोजन गरेको बजेट तथा कार्यक्रमको आधारमा अनुदान शिक्षक तथा कर्मचारी खटाउनका लागि शारदा नगरपालिका दरवन्दी मिलान कार्यदल २०८० को प्रतिवेदन अनुसार आवश्यक विद्यालयहरुमा शिक्षक तथा कर्मचारी खोल्नको लागि नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले सिर्जना गर्नेछ। यसरी सिर्जना गरिएको अनुदान कोटा एक विद्यालयमा बढीमा १ बर्ष मात्र रहनेछ र आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिले म्याद थप गरी शिक्षा यूवा तथा खेलकुद शाखामा जानकारी दिनुपर्नेछ।

### ४. अनुदान शिक्षकको कोटा वितरण देहाय बमोजिमका मापदण्डको आधारमा गरिनेछ

४.१. न्युन दरबन्दी भएका र विद्यार्थीको संख्या धैरै भएको विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने,

४.२. असाधारण, अध्ययन तथा अन्य विशेष परिस्थिति सिर्जना भई शिक्षणमा बाधा आइपरेका विद्यालयहरु,

४.३. आधारभूत (कक्षा ६–८) तथा माध्यमिक (कक्षा ९–१२) तह सञ्चालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई आधार मानी शिक्षक खटाउने । कक्षा ११–१२ सञ्चालित विद्यालयको सम्बन्धमा शुन्य वा एक दरबन्दी मात्र भएका विद्यालयलाई प्राथमिकता दिने दुई वा सो भन्दा बढी दरबन्दी भएका विद्यालयहरुमा अनुदान शिक्षक कोटा दिन वाध्य हुने छैन।

४.४. नृत्य, संगीत र खेलकुद तथा योगा स्वयमसेवक शिक्षकको हकमा नगरपालिका भित्रका सबै माध्यामिक, आधारभूत र प्राथिमक विद्यालयहरुमा आलोपालो सहित अनिवार्य पुग्ने व्यवस्था मिलाउने।

४.५ ECD देखी कक्षा १-३ सञ्चालन भएका विद्यालयहरुमा ई.सि.डी. सहित ३ जना र ECD देखी कक्षा १-५ सम्मा सञ्चालन भएका विद्यालयहरुमा ई.सि.डी. सहित जम्मा ४ जना शिक्षक अनिवार्य व्यवस्थापन गर्नुपर्नेछ । आधारभूत तहमा ६० जना विद्यार्थी भन्दा बढी संख्यामा विद्यार्थी रहेको अवस्थामा एक जना शिक्षक बराबर ४० जना विद्यार्थी संख्या रहेने गरी शिक्षक संख्या थप गर्न सकिनेछ ।

४.६ शिक्षा शाखामा आवश्यक परेको खण्डमा शिक्षा शाखाको कामकाज गर्न समेत खटाउन सकिनेछ ।

## ५. अनुमति, विज्ञापन तथा दरखास्त

५.१. अनुदान शिक्षक तथा कर्मचारी खटाउनका लागि शारदा नगरपालिका दरवन्दी मिलान कार्यदल २०८० को प्रतिवेदन अनुसार आवश्यक विद्यालयहरुमा शिक्षक तथा कर्मचारी खोल्नको लागि नगर शिक्षा समितिले अनुमति दिनेछ ।

५.२. सम्बन्धित आर्थिक वर्षका लागि अनुदान शिक्षक तथा कर्मचारीको आवश्यकता अनुसार संगीत, नृत्य, खेलकुद तथा योगा शिक्षकको लागि पनि कोटा निर्धारण गर्न सकिनेछ ।

५.३. अनुदान शिक्षक तथा कर्मचारी व्यवस्थापन तथा परिचालनका लागि दरखास्त आव्हान, परीक्षा सञ्चालन तथा छनौट लगायतका सम्पूर्ण कार्यहरु कोटा प्राप्त भए पश्चात विद्यालयमा सम्पन्न गरिनेछ ।

## ६. अनुदान शिक्षकको योग्यता तथा तालिम सम्बन्धी व्यवस्था

नियम ६ बमोजिम सिर्जना भएका कोटामा नियुक्त हुने अनुदान शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछः

६.१. बालविकास सहयोगी कार्यकर्ताको लागि १२ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

६.२. आधारभूत (१–५) शिक्षकको लागि १२ कक्षा उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

६.३. आधारभूत (६–८) शिक्षकको लागि सम्बन्धित विषयमा १२ कक्षा उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

६.४. माध्यामिक (९-१०) विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

६.५. माध्यामिक तह कक्षा (११–१२) को लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको ।

६.६. शिक्षक अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

६.६. नेपाली नागरिकता प्राप्त गरेको ।

६.७. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

६.८. संगीत, नृत्य, खेलकुद तथा योगा शिक्षकको लागि देहाय अनुसारको योग्यता निर्धारण गरिएको छ।

क. न्युनतम १२ कक्षा उत्तीण वा सो सरह शैक्षिक योग्यता हासिल गरी सम्बन्धित विधामा कम्तीमा ६ महिना तालिम प्राप्त गरेको,

ख. सम्बन्धित विधामा क्रियाशिल रही सम्बन्धित क्षेत्रमा निरन्तर कम्तीमा २ वर्ष काम गरेको उम्मेद्वारलाई प्राथमिकता दिइनेछ।

ग. संगीतमा मादल, हार्मोनियम, तबला तथा बाँसुरी जस्ता वाद्यवादनका सिकाइका आधारभूत कुराहरुको न्युनतम ज्ञान भै संगीत बजाउने वा सिकाउन सक्ने,

घ. नृत्यका स्टेपवाइज प्रस्तुती तथा कोरियोग्राफ सम्बन्धी न्यूनतम ज्ञान भएको,

ङ. खेलकुद अन्तर्गत भलिबल, फुटबल, क्रिकेट, बुद्धिचालका लगायतका खेलहरुको सम्बन्धीत विधामा नियमहरुको जानकारी, रेफ्रिका अनुभव भएको,

च. योगा अन्तर्गत योगा विषय लिई अध्ययन गरी तालीम प्राप्त गरी योग सिकाइमा शिक्षा प्रदान गरेको अनुभव रहेको,

## ७. अनुदान शिक्षक छनौट समिति

७.१. अनुदान शिक्षकको छनौट प्रक्रियामा विद्यालय व्यवस्थापन समितिको विज्ञापन पश्चात परिक्षा सञ्चालन तथा सिफारिसको लागि देहाय बमोजिम एक अनुदान शिक्षक छनौट समिति हुनेछ।

क) संयोजकः- विद्यालय व्यवस्थापन समिति

ख) सदस्यः- शिक्षा शाखा प्रमुख वा प्रतिनिधी

ग) सदस्यः- छनोट समितिले तोकेको सम्बन्धित तह र विषयको विषय विज्ञ २ जना

घ) सदस्य सचिवः- प्रधानाध्यापक

७.२. अनुदान शिक्षक तथा कर्मचारी छनोट समितिले तोकेको विज्ञको पदावधि परीक्षाको नतिजा प्रकाशन गरी नियुक्तिको लागि सिफारिस गरेपछी स्वतः सकिनेछ। शिक्षक छनोट गर्दा तह र विषय अनुसार फरक फरक मितिमा परीक्षा सञ्चालन गुर्नपर्नेछ।

## ८.१. अनुदान शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार

अनुदान शिक्षक तथा कर्मचारी छनौट समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछः

८.१.१. उम्मेदवारहरुको सूची प्रकाशन गर्ने।

८.१.२. शिक्षक सेवा आयोगले तयार गरेको पाठ्यक्रम अनुसार लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने ।

८.१.३. नतिजा प्रकाशन गर्ने, तथा नियुक्तिको लागि विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्ने । यसरी सिफारिस गर्दा लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षामा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुको योग्यताक्रम अनुसारको सूची प्रकाशन गरी सिफारिस गर्ने ।

## ९. नियुक्ति प्रक्रिया

९.१. अनुदान शिक्षक तथा कर्मचारी छनौट समितिबाट सिफारिस भएको कम्तीमा १५ दिन भित्र सिफारिस भएको उम्मेदवारलाई प्रधानाध्यापकले नियुक्ति पत्र दिने ।

९.२. विद्यालयको आवश्यकता र कार्य सम्पादनको आधारमा विद्यालय व्यवस्थापन समितिले प्रत्येक बर्ष अनुदान शिक्षक तथा कर्मचारीलाई म्याद थपको लागी नगरपालिकामा चैत्र मसान्तसम्ममा सिफारिस गर्नुपर्नेछ ।

९.३. विद्यालय व्यवस्थापन समितिको सिफारिस अनुसार अनुदान शिक्षक तथा कर्मचारीको म्याद थप नगरपालिकाले गर्नेछ ।

## १०. परीक्षा हुने मिति, समय र केन्द्र

अनुदान शिक्षक तथा कर्मचारी छनौट समितिले तोकेको मिति, समय र स्थानमा परीक्षा सञ्चालन हुनेछ ।

## ११. परीक्षा दस्तुर

परीक्षाको दस्तुर विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

## १२. परीक्षाको सचिवालय

परीक्षा समितिको सचिवालय परीक्षा समितिले तोकेको स्थानमा रहनेछ ।

## १३. निर्वाह भत्ता उपलब्ध गराइने

आधारभूत तह (कक्षा १ देखि ५):- मासिक रु २००००।–

आधारभूत तह (कक्षा ६ देखि ८):- मासिक रु २५०००।–

माध्यामिक तह (कक्षा ९ देखि १०):- मासिक रु ३००००।–

माध्यामिक तह (कक्षा ११ देखि १२):- मासिक रु ३५०००।–

नृत्य, संगीत तथा योगा र खेलः- मासिक रु २००००।–

## १४.२. पारिश्रमिक

शारदा नगरपालिका नगरसभाले बजेट विनियोजन गरी अनुमोदन गरे पछि अनुदान शिक्षक तथा कर्मचारी अनुदानको अधिनमा रही  कार्यपालिकाको निर्णय तथा शिक्षक छनौट समितिले गरेको सिफारिस तथा नियुक्ति गरिएका अनुदान शिक्षकहरुका लागि पारिश्रमिक सम्बन्धित विद्यालयको खातामा प्रधानाध्यापकले प्रमाणित गरेको हाजिरीको आधारमा सम्बन्धित शिक्षकलाई उपलब्ध गराइने छ ।

१४.१. शिक्षा शाखामा हाजिर भएको अवस्थामा शिक्षा शाखा प्रमुखले हाजिरी प्रमाणित गर्नुपर्नेछ ।

१४.२. अनुदान शिक्षक तथा कर्मचारीले प्राप्त गर्ने निर्वाह भत्ता रुजु हाजिरी भएको दिनको आधारमा ३० दिनलाई १ महिना मानी सोही आधारमा उपलब्ध गराइनेछ ।

१४.३. अनुदान शिक्षक तथा कर्मचारीले दैनिक काम काज गरेको दिन बाहेक अन्य कुनै सेवा सुविधा प्राप्त गर्ने छैन ।

१४.४. अन्य सुविधा प्रचलित शिक्षा ऐन नियमानुसार  हुनेछ ।

## १५. प्रधानाध्यापकको काम कर्तव्य र अधिकार

१५.१. अनुदान शिक्षक तथा कर्मचारीलाई हाजिर गराइ काममा लगाउने ।

१५.२. अनुदान शिक्षक तथा कर्मचारीलाई विद्यालयका आचारसंहिता बारे प्रष्ट पार्ने ।

१५.३. अनुदान शिक्षक तथा कर्मचारीलाई अनिवार्य  रुपमा  दैनिक  ६ घण्टा काम लगाउन सुनिश्चित गर्ने ।

१५.४. शिक्षकबाट ६० दिनको एकमुष्ट र दैनिक शिक्षण योजना अनिवार्य रुपमा लिने ।

१५.५. शिक्षण पश्चात अनिवार्य रुपमा विद्यार्थीको परीक्षण गर्न लगाउने ।

१५.६. अनुदान शिक्षक तथा कर्मचारीको कार्यसम्पादन  फाराम भरी शिक्षा शाखामा पठाउने ।

## १६. अनुदान शिक्षकको काम कर्तव्य र अधिकार

१६.१. नगरपालिकाले खटाइएको विद्यालय तथा कार्यालयमा हाजिरी हुने ।

१६.२. तोकिएको जिम्मेवारी पूरा गर्ने ।

१६.३. आफू विद्यालयमा उपस्थित हुन नसक्ने अवस्थामा कारण सहित कम्तीमा एकदिन अगाडी प्रधानाध्यापकलाई जानकारी दिने ।

१६.४. विशेष परिस्थितिमा बाहेक लगातार तीन दिन भन्दा बढी विद्यालयमा अनुपस्थित नहुने ।

१६.५. आफ्नो कार्यकाल भरी आफ्नो जिम्मेवारी अनुसार कार्ययोजना बनाई प्रधानाध्यापक समक्ष पेश गर्ने ।

१६.६. पाठ्यक्रममा भएको सिकाइ सक्षमताको आधारमा पढाइमा पछाडी परेको विद्यार्थीको पहिचान गर्ने ।

१६.७. विद्यार्थीको पहिचान गर्न प्रत्येक कक्षामा गई व्यवहार कुशल सीपको अवलोकन सहित मौखिक, प्रयोगात्मक तथा लिखित परीक्षा सञ्चालन गर्ने ।

१६.८ प्रयोगात्मक तथा लिखित परीक्षाको लागि आवश्यक प्रश्नावली, फाराम तथा का आवश्यक साधन निर्माण गर्ने ।

१६.९. प्रयोग गरिएको अवलोकन तथा को साधन परीक्षण गरी प्रगति समितिमा पेश गर्ने

१६.१०.विद्यालयमा भर्ना भई विद्यालय आउन नसक्ने तर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरुको लागि घरदैलो, टोल तथा समुदायमा शिक्षण सेवा प्रदान गर्ने

१६.११. विद्यालयले लगाएको काम गर्ने ।

१६.१२. विद्यार्थीको प्रगति प्रतिवेदन वडा शिक्षा समिति र शिक्षा शाखामा बुझाउने

१६.१३.शिक्षा शाखाले समय तोकेर उपचारात्मक शिक्षण गर्न तोकेको अवस्थामा तोकेको समय र स्थानमा गई उपचारात्मक शिक्षण गर्ने ।

# परिच्छेद–४

# विविध

## १७. अनुदान शिक्षक तथा कर्मचारी अनुदान थपघट वा खारेज गर्न सकिने

१७.१ संघीय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक पुग्न गएमा वा विभिन्न कारणले मौजुदा शिक्षकहरुबाट पठनपाठनमा सहजता हुने देखिएमा नगर सभाले अनुदान शिक्षक तथा कर्मचारीको अनुदान थपघट वा खारेज गर्न सक्नेछ । तर मौजुदा जनशक्तिले व्यवस्थापन गर्न कठिन भएमा अनुदान थप गर्न सकिनेछ ।

## १८. प्रचलित कानुन लागू हुने

१८.१. यस कार्यविधिमा उल्लेख नभएका विधिहरु प्रचलित कानुन अनुसार हुनेछ ।

१८.२. संविधान प्रचलित ऐन, कानुन नियम, उपनियम तथा कार्यविधिसंग बाझिएको खण्डमा बाझिएको हदसम्म खारेज हुनेछ।

## १९. अन्तिम व्याख्या

यस कार्यविधिका कुनै पनि परिच्छेद, भाग, धारा, उपधारामा उल्लेखित बुँदा तथा विषयवस्तुमा द्विविधा वा मत बाझिएमा वा अस्पष्ट भएमा यसको व्याख्या गर्ने अधिकार नगरकार्यापालिकामा निहित रहने छ। प्रचलित कानुन अनुसार बाझिएमा स्वतः खारेज हुनेछ।

## २०. खारेज

नगरकार्यापालिकाले यो कार्यविधि जनुसकै वखत खारेज गर्न सक्नेछ।